जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक २६ २०८० साल माघ २८ गते आइतवार (11 Feb. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – **पृष्ठ २ मा :** रक्तदानका लागि उत्प्रेरित ... **पृष्ठ ३ मा :** भ्रम र सत्यका बिच नेपाली ... **पृष्ठ ५ मा :** व्यवस्थापन समिति गठन ... **पृष्ठ ५ मा :** गाजामा मृत्यु हुने प्यालेस्टाइनी ...

## सर्वपक्षिय बैठकपछि विश्वविद्यालयको ताला खोलियो



**राजविराज**/सर्वपक्षिय बैठकले तालाबन्दी खोलाउने निर्णय गरेपछि १८ दिनपछि प्रदेश कृषि विश्वविद्यालयको ताला बिहीबार खोलिएको छ।

जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहले कृषि विश्वविद्यालयको कमिकमजोरीका कारण भएको तालाबन्दी र माघ ८ गते भएको घटनाप्रति भूल स्वकीकार गर्दै यस्तो घटना आगामी दिनमा नहुने भनेपछि मुल गेटमा लगाइएको ताला खोलिएको बताए।

यस्तै नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरीले जनमत पार्टीले ७ बुँदे माग राखी गरेको तालाबन्दी विषयमा एक महिनाभित्र ती मागहरु सर्वपक्षिय रुपमा अध्ययन गरेर अगाडी बढ्ने प्रतिबद्धता जनाइएपछि तालाबन्दी खोलिएको जानकारी दिए। उनले विश्वविद्यालय भवनको शिलान्यासका क्रमम भएको दुखद घटना आगामी दिनमा नदोहरिने प्रतिबद्धता समेत जनाइएको बताए।

जिल्ला समन्वय समितिमा नेपाली काँग्रेसका सभापति रामदेव साहको अध्यक्षतमा सम्पन्न सर्वपक्षिय बैठकमा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, प्रमुख जिल्ला अधिकारी किरण थापा, नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य अशोक कुमार मण्डल, नेकपा एमालेका सचिव देवनाथ यादव, नेकपा एकीकृतका अध्यक्ष प्रताप नारायण चौधरी, जसपा अध्यक्ष केदार यादव, लोसपाका अध्यक्ष सुनिल कुमार झा, जनमतका जिल्ला इन्चार्ज रामगमन साह, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष अरुण कुमार देव, राप्रपाका सहसचिव सुरेश कुमार साह, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र कोइराला लगायतको सहभागिता थियो।

गत माघ ७ गते जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साहको नेतृत्वको टोलीले विश्वविद्यालयमा दलिय तानाशाही हावी भएको, विश्व विद्यालयको डिपिआरमा भ्रष्टाचार भएको, परिक्षा बोर्ड बिनै परिक्षा लिइएको तथा विश्व विद्यालयका सहकुलपतिलाई कुनै जानकारी नै नदिई विश्व विद्यालयको शिलान्यासको कार्यक्रम राखेको भन्दै त्यसको बिरोधमा तालाबन्दी गरेको थियो।

यसअघि मंगलबार विश्वविद्यालयका रजिष्टार डा. भगवान ठाकुरले एक अनुरोध पत्र जारि गर्दै सौहाद्रपुर्ण वातावरण सृजना तथा वार्ता र सम्वाद मार्फत समस्याको समाधानका लागी तालाबन्दी खुलाउन वार्ता र छलफलका लागि सम्बन्धीत सरोकारवालासँग आग्रह गरेका थिए।

तालाबन्दीका कारण पठन-पाठन प्रभावित बन्न पुगेको, फर्म रजिष्ट्रेशन, नयाँ भर्ना लगायतका कामका साथै विश्वविद्यालयको दैनिक कामकाज सबै ठप्प भएको थियो।

## लोसपाका संसदीय दलका नेताको सेवा सुविधा रोक्का

**जनकपुर**/लोसपाका मधेस प्रदेशसभा संसदीय दलका नेता अभिराम शर्माको सेवासुविधा रोक्का गरिएको छ।



महोत्तरी जिल्ला अदालतले २८ मंसिरमा शर्मासहितलाई २०७२ को मधेश आन्दोलनमा मारिएका सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा जन्मकैदको सजाय सुनाएको थियो।

मधेश प्रदेशसभा सचिवालयले माघ महिनादेखि उनको सेवासुविधा रोक्का गरिएको सभामुख रामचन्द्र मण्डलले जानकारी दिएका छन्।

सभामुख मण्डलका अनुसार गत माघ १४ गते प्रदेशसभा सचिवालयमा एक कापर थरका व्यक्तिले फैसलाको प्रतिलिपीसहित उजुरी दिँदै प्रदेश सांसद शर्माको पद निलम्बन र सेवासुविधा रोकाको माग गरेका छन्। यद्दपी अदालतबाट फैसलासहितको पत्र औपचारिक रुपमा प्रदेशसभामा आएको छैन।

अदालतबाट फैसलासहितको पत्र आएपछि अथवा ७० दिनकटेपछि उनलाई निलम्बन गर्ने सभामुख मण्डलले बताए।

शर्मा महोत्तरी क्षेत्र नं. ३ (क)बाट दोश्रो पटक प्रत्यक्ष निर्वाचित छन्। यसअघि २०७४ को निर्वाचनमा सोही क्षेत्राट जितेका शर्मा मुख्यमन्त्री लालबाबु राउतको सरकारमा सामाजिक विकास राज्यमन्त्री बनेका थिए।

फैसलाकै बेलादेखि प्रदेश सांसद शर्मा फरार छन्। उनी राष्ट्रिय सभाको चुनावमा मतदानमा समेत भाग लिएनन्।

## स्वतन्त्र सांसद सिंह जसपामा प्रवेश



**राजविराज**/सप्तरी क्षेत्र नं. ४ (२) बाट स्वतन्त्र रुपमा उम्मेदवारी दिई प्रदेश सभा सदस्यमा निर्वाचित अनिरूद्ध प्रसादसिंह यादव जसपामा प्रवेश गरेका छन्।

शनिवार जिल्लाको बोदेबरसाइन नगरपालिकामा आयोजित बृहत पार्टी प्रवेश कार्यक्रममा उनी जसपा नेपालमा प्रवेश गरेका हुन्।

सांसद यादवसँगै सयौंको संख्यामा विभिन्न पार्टी परित्याग गरी नेताहरु जसपामा प्रवेश गरेको जनाइएको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव, राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले प्रदेश सभा सदस्य सिंहलाई गम्छा, माला र टिका लगाएर स्वागत गरेका छन्।

पछिल्लो निर्वाचनमा जसपाबाट टिकट नपाएपछि उनी स्वतन्त्र उम्मेदवार भई ९ हजार ९ सय ८५ मत प्राप्त गरी प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए। उनका निटतम प्रतिद्वन्द्वी जसपाका उम्मेदवार अभिषेक यादवले ७ हजार ९ सय २० मत प्राप्त गरेका थिए।

योसँगै मधेश प्रदेश सभामा जसपा नेपालका प्रदेश सभा सदस्य संख्या १९ पुगेको छ। यस अघि महोत्तरी २ 'ख' बाट निर्वाचित स्वतन्त्र सांसद सुरिता साह र पर्सा ३ 'क' बाट निर्वाचित स्वतन्त्र सांसद प्रमोदकुमार जैसवाल जसपामा प्रवेश गरेका थिए।

वृहत् पार्टी प्रवेश कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टीका अनुपलाल साह, पूर्व कृषि सचिव शंकरलाल चौधरी लगायत विभिन्न पार्टी परित्याग गरी सयौं व्यक्तिहरु पार्टी प्रवेश गरेका छन्।

## जेष्ठ नागरिकलाई घरमै पुगेर बैंकद्वारा भुक्तानी

**राजविराज**/शारीरिक रुपमा अशक्त तथा स्वास्थ्य समस्याका कारण बैंकसम्म पुग्न असमर्थ भएका जेष्ठ नागरिकलाई घरमै पुगेर राष्ट्रिय बाणिज्य बैंक राजविराज शाखाले भुक्तानीको व्यवस्था मिलाएको छ।

बैंकसम्म पुग्न असमर्थ भएका बृद्धबृद्धालाई यस्तो व्यवस्था मिलाइएको शाखा प्रबन्धक कमलेश झाले जानकारी दिएका छन्।

बैंकले मंगलवार राजविराज ७ की ९२ वर्षीया चन्द्रा देवी झा, राजविराज १६ की ७५ वर्षिया माधुरी यादव, ९५ वर्षिया अमेरिका देवी झा, राजविराज २ का ८० शिवम दास लगायतको घरमै पुगेर आवश्यक प्रक्रिया पुरा गरी उनीहरुका आफन्तलाई रकम बुझाइएको छ।

बैंकमा पेनशन, व्यक्तीगत खात, सामाजिक सुरक्षा भत्ता लगायतका विभिन्न शिर्षकमा रहेको खाताबाट शारिरीक अशक्तताका कारण बैंक आउन असमर्थ रहने जेष्ठ नागरिक वा उनका आफन्तको अनुरोधमा यस्तो सुविधा प्रदान गर्न थालिएको प्रबन्धक झाको भनाई छ।

खाताधारीबाट यस्तो अनुरोध भईआएमा बैंकको दैनिकी कामकाज प्रभावित नहुने गरी तथा कम चाप भएको बेला यसरी कर्मचारी परिचालनको व्ययस्था मिलाइएको उनको भनाई छ।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हून गई ज्यानसमेत जान सक्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खोला नदीको सरसफाई आवश्यक

अब केही दिनपछि गर्मी र वर्षाको मौसम आउने छ। सप्तरी जिल्ला जहिले पनि वर्षाको समयमा बाढीको उच्च जोखिममा रहने गरेको छ। हरेक वर्ष जिल्लामा बाढीले ठूलै क्षति पुऱ्याइरहेको सत्यलाई नकार्न मिल्दैन्। तर, क्षति पुऱ्याउने कारण बारे कसैले केलाउन सकेका छैनन्। वर्षायाममा जिल्लास्थित विभिन्न नदी, खोलामा पानीको उच्च बहाव बढेपछि मानव बस्तीमा पानी पस्नाले डुवानमा पर्ने गर्दछ। खोला, नादीमा उच्च पानीको बहाव हुने मुख्य कारण हो मर्मत सम्भार र सरसफाई। सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्द्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ। नदीमा बालुवा, गिटी भरिएपछि आफ्नो मुल प्रभाव क्षेत्रलाई छोडेर अन्य स्थानबाट पानीको बहावले बाटो बनाउँदा नदी फुट्ने गरेको देखिएको छ।

जिल्लामा नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि लामो समयदेखी प्रयास भइरहेको छ। तर, हालसम्म पनि यस प्रयास सफल हुन सकेको छैन्। हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ। जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ। यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तब्य तिलाठी नै हो। खाडो नदी त्यस्तो नदी हो जसबाट सामान्य वर्षामा पनि बाढी आउने सम्भावना रहन्छ। बाढीको पानीका कारण हरेक वर्ष तिलाठी डुवान पर्नुको कारण नै खाँडो नदी हो।

विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाई प्रति गम्भिर रुपमा सरोकारवाला निकायको ध्यान पुग्नु आवश्यक छ। तसर्थ यसप्रति सम्बन्धित निकायको चासोका साथै स्थानियस्तरबाट पनि जनदबाब सृजना गर्नु पर्ने आवश्यकता रहेको छ।

# रक्तदानका लागि उत्प्रेरित गर्ने विश्व अभियान

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन। स्वेच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ। नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ तर जहिल्यै अभावका समाचार आइरहेका हुन्छन्। पछिल्लो समय बाढी, पहिरा, भूकम्पजस्ता प्राकृतिक कारणदेखि सडक दुर्घटना एवं स्वदेशमै अनेक जटिलखालका रोगहरूको शल्यक्रियाको सुविधा पनि उपलब्ध भएसँगै रगतको माग आकासिएको छ। ब्लड बैंकहरूले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन्। योग्य व्यक्तिहरूले पनि रक्तदान नगर्ने प्रवृत्तिले गर्दा देशमा रगतको अभाव भएको छ।

स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेह तथा एचआइभी/एड्स नलागेको व्यक्ति रक्तदान गर्न योग्य मानिन्छन्। गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन। रक्तदान गर्दा कतिपय मुटुजन्य रोगका समस्या र कतिपय मधुमेहजन्य रोगका समस्या निदान हुने विभिन्न स्वास्थ्य अनुसन्धानले प्रमाणित गरेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विकसित देशमा एक हजारमा ३३ दशमलव चार जना, विकाशोन्मुख देशमा ११ दशमलव सात जना र अल्पविकसित देशमा चार दशमलव छ जनाले मात्र रक्तदान गर्ने गर्दछन्। विश्वको जनसङ्ख्याको दुई प्रतिशतले मात्र रक्तदान गर्दा पनि बिरामीको उपचारको लागि रगत अभाव हुँदैन भन्ने तथ्याङ्क छ।

**रक्तदान किन आवश्यक छ ?**

वैज्ञानिकहरूले चिकित्सा क्षेत्रमा अकल्पनीय आविस्कारहरू गरी क्यान्सर, मिर्गौला प्रत्यारोपण, ठूला एवं जटिल रोगहरूको उपचार पनि सम्भव गराएका छन् तर त्यस्ता रोगहरू उपचार गर्न मानव जीवनका लागि नभई नहुने रगतको विकल्प भने दिनसकेका छैन। प्राकृतिक प्रकोपका कारण बर्सेनि लाखौंले जीवन गुमाउने गर्दछन् भने करोडौँको सङ्ख्यामा घाइते हुन्छन्। त्यस्तै मानव निर्मित सडक दुर्घटना, युद्धजस्ता कारणले समेत बर्सेनि ठूलो सङ्ख्यामा मानवीय क्षति हुने गरेको छ। यसका अलावा सरुवा रोगलगायत विभिन्न प्रकोपका कारण लाखौँको ज्यान जान्छ। साथै गरिब परिवारका गर्भवती, सुत्केरी तथा नवजात शिशुको रगतमा हेमोग्लोबिनको मात्रा कम भएकालाई उपचार गर्न रगत आवश्यक पर्दछ।




कुनै पनि बिरामीको उपचारका क्रममा रगत आवश्यक हुन गएमा अर्को स्वस्थ मानिसलाई रक्तदान गराउनुबाहेक अर्को विकल्प छैन। आफ्नो शरीरको अमूल्य रगतबाट अरुको जीवन बचाउन सकिने भएकाले नै रक्तदानलाई जीवनदान भन्ने गरिएको हो। हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यत्तिकै खेर जान्छ। खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने भन्ने भावनाको विकास हुन जरुरी छ। त्यसैले रक्तदानभन्दा अर्को ठूलो पुण्य काम केही हुँदैन।

**रक्तदान कतिपटक गर्न सकिन्छ ?**

मानिसको शरीरमा रगत बोनम्यारोमा बन्छ। शरीरमा हरेक १२० दिनमा नयाँ रगत बन्दै जाने र पुरानो रगत नष्ट हुने गर्दछ। पुरुषमा ७६ र महिलामा ६६ मिलीलिटर प्रतिकिलोग्राम रगत हुन्छ। मानिसलाई दैनिक काम गर्नका लागि ५० मिलीलिटर रगत प्रतिकिलोग्राम आवश्यक पर्दछ। एकजना स्वस्थ एवं ४५ किलोग्राम तौल भएको व्यक्तिले आठ मिलीलिटर प्रतिकिलोग्राम अर्थात् तीन सय ६० मिलीलिटर रगत सजिलैसँग दान गर्न सक्छ। यो रगत दिँदा हाम्रो शरीरमा कुनै कमजोरी हुँदैन। दान गरेको रगतको परिणाम कुनै पनि तीन सय ६० मिलीलिटर पेय पदार्थबाट र दैनिक खानपानबाट केही दिनमा आफैँ बनेर पूर्ति हुने भएकाले रक्तदान गर्न सकिन्छ। रगत निकाल्दा यसले कमजोरी बनाउँदैन तर आफ्नो शरीरमा सञ्चालन भएको रगत एकाएक निकाल्दा रगतका कोशिका र नसाहरूमा केही गडबड भने हुन्छ। यसले कसैकसैलाई केही अप्ठ्यारो हुन्छ तर तरल पदार्थको यथेष्ट खाएका एक-दुई दिनमा नै यथारूपमा आउँछ।

एउटा स्वस्थ व्यक्तिको शरीरमा चारदेखि पाँच लिटर रगत हुन्छ। त्यसमध्येबाट ३५० मिलीलिटर मात्र रगत लिइरहेका हुन्छौँ। दुर्घटना, प्रसूति, शल्यक्रिया तथा अन्य रोगका कारण शरीरमा रगतको कमी भएका बिरामीलाई रगत दान गरी उनीहरूलाई बचाउन सकिन्छ। विश्वभरि रक्तदान गर्नेमध्ये एक प्रतिशतभन्दा कमले मात्र सयौँपटक रक्तदान गर्न सकेका छन्। नेपालको परिपेक्ष्यमा १८ वर्ष पूरा भएका, ६५ वर्ष ननाघेका र ४५ किलो वजनका भएका व्यक्तिले हरेक ९० दिनमा रक्तदान गर्न सक्छन्। अमेरिका र क्यानडामा हरेक ५६ दिनमा रक्तदान गर्न सकिन्छ भने १६ वर्ष पुगेका र ७५ वर्ष ननाघेका व्यक्तिहरूले वर्षमा छ पटकसम्म रक्तदान गर्न सक्छन्।

**रक्तदानप्रति युवाको आकर्षण कसरी बढाउने ?**

नेपालमा पछिल्लो समय रक्तदानबारे सचेतना त बढेको छ, तर अभावलाई पूर्ति गर्न सकेको छैन। दाताहरू पनि रक्तदान गर्न सहजरुपमा उपस्थिति हुँदैनन्। रगतको स्रोत स्वस्थ्य युवाहरू नै हुन्। रक्तदान जीवनदान भन्ने कुरा सबैलाई थाहा छ। रगत दिएर अरुलाई बचाउन सकिन्छ भन्ने पनि थाहा छ, तर पनि युवाहरू रक्तदानमा सहभागी हुँदैनन। आमरूपमा रक्तदान गर्नुपर्छ भन्ने चेतना जगाउन जरुरी छ। अहिले काठमाडौँमा प्रतिदिन झण्डै पाँच सय युनिट रगत चाहिन्छ। तर स्वयंसेवीहरूबाट करिब एक सय ५० युनिटमात्र रगत दान गरेको पाइन्छ। यसले गर्दा दैनिक झण्डै तीन सय बिरामीले रगत नपाउने स्थिति छ। नेपालको जनसङ्ख्या करिब तीन करोडमध्ये एक प्रतिशतले पनि रक्तदान गरेका छैनन्। देशभरिमा झण्डै सवा तीन लाख युनिट रगत चाहिन्छ। गत वर्ष लगभग दुई लाखले मात्र रक्तदान गरेका थिए।

प्रविणता प्रमाणपत्र तहमा अङ्ग्रेजी पाठ्यपुस्तकको 'द ब्लड डोनर' पाठबाट प्रेरित भई रक्तदान कार्यमा आफूलाई समर्पण गरेको मैले विगत ४० वर्षदेखि निरन्तर रक्तदानको माध्यमबाट बिरामीलाई नयाँ जीवन दिँदै आएको छु। युवाहरूमा रक्तदानको महत्वबारे अवगत गराउन विद्यालय, विश्वविद्यालयका पाठ्यक्रमहरूम रक्तदानसम्बन्धी पाठ्यसामग्री समावेश गर्नु जरुरी छ। पाठ्यपुस्तकमा रक्तदानबारे एउटा सानो पाठ राखिदियो भने ती विद्यार्थीलाई रक्तदान गर्न उत्प्रेरणा मिल्छ। रक्तदानको महत्वबारे समाजमा अझै अनेक अविश्वास, भ्रम र चेतनाको अभाव रहेको पाइन्छ। त्रिवि मातहतको सरस्वाती क्याम्पसको समाजशास्त्र विभागले सन् २०२२ मा गरेको रक्तदानबारे सामाजिक बुझाइसम्बन्धी अध्ययनमा पनि अझै यो अवस्था रहेको पाइएको छ। अध्ययनमा नेपालमा रक्तदानको दर न्यून रहेको, अत्यावश्यक अवस्थामा बाहेक रक्तदान गर्न तयार नरहेको, रक्तदान गर्दाका असर र फाइदाबारे जानकारी नभएको, सामाजिक चेतनाको अभाव, रक्तदानका लागि उत्प्रेरणा बढाउन नसकिएकोलगायतका विषय औँल्याएको छ। अर्को कुरा रक्तदानसम्बन्धी काम गर्ने नेपाल रेडक्रसको रक्तसञ्चार सेवा, नेपाल सरकारको केन्द्रीय रक्त ब्यूरोले रक्तदान कार्यक्रम बढाउनका लागि स्थानीय सङ्घसंस्थालाई प्रोत्साहन गर्नुपर्छ।

**रक्तदानको अभियान**

'म एक्लैले यस संसारलाई दयारुपी संसारमा बदल्न सक्दिन तर संसाररुपी पानीमा एउटा पत्थर फ्याँकेर समाज सेवाको हलचल मच्चाइ मानव सेवाका लागि मनुष्यमा दया पैदा गर्न सक्छु' भन्ने मदर टेरेसाको भावनाबाट प्रेरित भएर नै मैले पनि रक्तदानको अभियानलाई विश्वव्यापी बनाउन खोजेको हुँ। मान्छेहरूलाई बचाउन सकुँ र समुदायलाई पनि उत्प्रेरणा दिने नै मेरो अभियान रहेको छ। रगत दान गर्दा कमजोरी भइन्छ भन्नेहरूका लागि रक्तदान गरेर कमजोरी हुँदैन भनेर बुझाउनु मेरो अर्को उद्देश्य हो।

बिरामीलाई रगत उपलब्ध गराउन, युवाहरूलाई रक्तदान गरेर कमजोर भइँदैन भनेर बुझाउनका लागि १९९० डिसेम्बर ५ मा रक्तदान गरेको एक घण्टापछि विभिन्न जिल्लाहरूमा साइकलयात्रा गरेको थिएँ। सन् २०२२ नोभेम्बरसम्म विश्वका छवटै महादेशका १४ वटा देशमा पुगी त्यहाँ बसोबास गरेका नेपाली समुदायमा रक्तदान गर्न उत्प्रेरणा गरेको छु र आफूले पनि दुई सय पाँचपटक रक्तदान गरेको छु। यस अभियानबाट छ सय १५ जना बिरामीलाई बचाउन सक्नु आफैँमा असाधारण काम हो भन्ने लाग्दछ।

प्राकृतिक प्रकोप, दुर्घटना र युद्धमा घाइते भएका मानिसलाई बचाउन रगतको ठूलो भूमिका हुन्छ। रगत खेर जाने चिज होइन, यो सबैलाई चाहिने कुरा हो, असत्य भएर पनि अरुलाई रगत दिनु र उसलाई बचाउनु चानचुने कुरा होइन। मेरो रक्तदानको यात्रा एउटा देश वा भूगोलमा सीमित छैन। मैले आफ्नै साधन, स्रोत, समयमा यो अभियानलाई विश्वव्यापी बनाउने जमर्को गरेको हुँ। यसले विश्वमा नेपालको परिचय गराउन मद्दतमात्र पुगेको छैन, मानवीय भावनाको विस्तार पनि भएको छ। अझै ५० वर्षसम्म पनि रगतको विकल्प आउन कठिन रहेकाले देश र विदेशमा पुगेर रक्तदानको आवश्यकता, महत्व र उपयोगिताका बारेमा जनचेतना बढाउने मेरो अभियान कायमै रहनेछ। (लामो समयदेखि अमेरिकामा बस्दै आएका मैनालीसँग राष्ट्रिय समाचार समितिका कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित) स्वास्थ्य खबरबाट

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन


डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# भ्रम र सत्यका बिच नेपाली पत्रकारिता

**किशोर नेपाल**




पत्रकारिताका सिद्धान्त र सूत्रहरूको व्याख्या गर्ने क्रममा स्ट्यान्फोर्ड विश्वविद्यालयका प्रोफेसर लायल एम नेल्सन हामीलाई बताउने गर्नुहुन्थ्यो : 'यतिबेला पत्रकारिताको सबैभन्दा सजिलो सिद्धान्त र सूत्रका रूपमा रहेका पाँच-डब्ल्यू र एक-एच ( के ? किन ? कहिले ? कहाँ ? को ? र कसरी ?) को अस्तित्व संकटमा परेको छ । यो देखेर कवि रुडयार्ड किपलिङको समाधिस्थ आत्मा छटपटाइरहेको होला । अहिलेको पत्रकारितामा यी खोजपूर्ण प्रश्न अलमलिएका छन् । यो सरल परिभाषाको अस्तित्व संकटमा परेको छ ।'

किपलिङको जमाना आदर्शवादी थियो । सत्य-निष्ठालाई डग्न नदिई पत्रकारितामा लागेका मानिसलाई पत्रकारिताको व्यवसायमा लागेका साहुजीहरू नियमित मासिक पारिश्रमिक दिन्थे । पत्रकारहरू साहुजीको बही-खाता, सम्पत्ति र ऐश्वर्य हेर्दैनथे । इमान-जमानको जमाना थियो । समाचारको बजार सानो थियो । उत्पादनमा अहिलेको जस्तो खासै विविधता पनि थिएन । साहुजीहरूमा सम्मानको लोभ पक्कै थियो । तर, विज्ञापनबाट आर्जन हुने सम्पत्तिको प्रकोप थिएन ।

त्यसको निकैपछि मात्र पत्रकारिता र सञ्चारको क्षेत्रको व्यापक व्यवसायीकरण हुन थाल्यो । दोस्रो विश्वयुद्धको समाप्तिपछि सञ्चारको क्षेत्रमा तीव्र परिवर्तन आयो । पत्रकारिता व्यवसायमा नयाँ क्षितिजहरू खुले । सञ्चार आफैँमा ठूलो व्यवसायका रूपमा विकसित भयो ।

सन १९८० को समय थियो त्यो । क्यानाडियन सञ्चारविद् मार्सल मकलुहानले सूत्र वाक्य बोलेका थिए : मिडियम इज दी मेसेज । मकलुहानले सञ्चार जगत्मा हुन लागेको परिवर्तनको स्पष्ट संकेत गरका थिए । मिडियम इज दी मेसेज– यो वाक्य सजिलै स्थापित भएको थिएन । दुनियाँ आर्थिक परिवर्तनको बाटोमा तीव्र गतिले हिँड्यो । क्रमिक रूपमा उद्योग र व्यवसायका आवश्यकता बढे । ती आवश्यकताको परिपूर्तिका लागि सञ्चार र संवाद अपरिहार्य हुँदै गयो । पुँजीवादी समाजमा आफ्ना उत्पादनका पक्षमा अभिमत जुटाएर ग्राहकलाई आकर्षित गर्नु अस्वाभाविक कुरा थिएन । मकलुहानले यसैलाई संकेत गरेर बाटो देखाएका थिए : मिडियम इज दी मेसेज ।

भारतबाट प्रसारित हुने सरकारी रेडियो आकाशवाणीको 'पञ्चरंगी कार्यक्रम विविध भारती' र श्रीलंका रेडियोबाट प्रसारित हुने खास गरेर हिन्दी सिनेमासँग सम्बन्ध राख्ने विविध मनोरञ्जक कार्यक्रम सुनेर हुर्केको हाम्रो पुस्ताका लागि ती कार्यक्रम अद्भुत प्रेरणाका स्रोत थिए । अहिलेको जमानाका युवायुवती टिकटकमा रत्तिएजस्तै आफ्नो जमानामा हामी 'इतना तो मुझ से न प्यार जता, कि मैं इक बादल आवारा'जस्ता फिल्मी गीतमा रमाउँथ्यौं । अहिले मनोरञ्जनका माध्यमहरू बग्रेल्ती छन् ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्रको संस्थापन भएको पनि दुई दशक पुग्न लागिसकेको छ । कांग्रेस, कम्युनिस्ट, माओवादी, समाजवादी सबै दल र विचारका राजनीतिक नेताहरूले प्रत्येक क्षण र प्रत्येक दिन, साँझ बिहान नेपाली जनताको महान् संघर्षबाट स्थापित यो व्यवस्थाको अस्तित्व रक्षाको कसम खाने गरेका छन् । माओवादीको नेतृत्वमा बनेको संयुक्त सरकारले सामाजिक स्वच्छता जोगाउने नाउँमा टिकटकमाथि प्रतिबन्ध लगाएको छ । यसको विरोधमा कोही मैदानमा उत्रिएको छैन । लोकतान्त्रिक गणतन्त्रको सुरक्षाका लागि यो गोधुलिमा सरकार कृष्णलीलाको प्रदर्शन गर्न चाहन्छ भने त्यो पनि स्वागतयोग्य कदम हुनेछ । प्रविधिको छलाङ रोकेर समाजको विकास हुन्छ भन्ने सोच्नु पनि एक प्रकारको विचार नै हो । तर, विचार सार्वकालिक हुँदैनन् । परिवर्तित समय अनुसार विचारमा ठूलो हलचल आउँछ । आजको संसार आदर्शबाट होइन, आवश्यकताबाट चलेको छ ।

अहिले नेपालको आर्थिक जगत्ले खुला र उदार बाटो अपनाएसँगै पत्रकारिताका जे-जस्ता स्थापित मान्यताको अवलम्बन हामीले गरेका थियौं, ती बदलिन थालेका छन् । आजको पत्रकारले जनताका जिज्ञासाका जवाफ खोज्न खासै कष्ट गर्नुपर्दैन । मिडियामा लगानी गर्नेको आवश्यकताको बोध गरेर र उनका माग के हुन् ? त्यसप्रति जिज्ञासा राखे पुग्छ । काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिका लागि सुरु भएको मेलम्ची खानेपानी आयोजनामा नेपाल सरकारले ७० अर्ब रुपैयाँ खर्च गरिसकेको छ । तर, मेलम्ची आयोजना सुचारु हुने कुनै टुंगो छैन । यस्तो अवस्थामा नेपालका सञ्चारकर्मीले कवि किपलिङको सम्झनाको खासै उत्प्रेरक मूल्य र महत्त्व रहेको छैन भन्नुनपर्ला ।

मेरो विचारमा, अहिलेको पत्रकारितामा पक्ष र विपक्षका नाममा जस्तो रडाको मच्चिएको छ, यो निकृष्ट भएर पनि स्वाभाविक हो । भर्खरै मात्र एकजना नामुद औद्योगिक घरानाका सदस्यमाथि सरकारी जग्गा हिनामिना गरेको मुद्दा लाग्यो । धेरैजसो मुद्दाहरू 'उहिल्यै लाग्नुपर्ने' र फैसला हुनुपर्ने प्रवृत्तिका छन् । ती मुद्दाहरू यत्रो समयपछि किन लाग्यो त ? अहिले मुद्दा लगाउने र त्यतिबेलाको अपराधका लागि मुद्दा खेप्ने दुवै थरी सूचनाको बेग्लै धरातलमा उभिएका छैनन् । यो कदापि बिर्सिनु हुँदैन कि नेपाली जनताले व्यवस्थामा आक्रामक परिवर्तन गरे : २०४६ मा पनि र २०६२ मा पनि । त्यो परिवर्तनले केही मानिसका अनुहारमा परिवर्तन ल्यायो तर प्रशासनिक संयन्त्रमा रत्तिभर परिवर्तन ल्याएन । राजाको पुरानो शासन होस् कि जनताले आन्दोलन गरेर पुनर्स्थापित गरेको संसदीय शासन होस् अथवा त्यसपछिको जनताकै गणतान्त्रिक शासन होस्, सबै कालखण्डका शासकले तिनैको निधारमा शक्तिको सिन्दुर लगाइदिएका छन्, जो निर्लज्जतापूर्वक संविधान र कानुनका मर्यादाहरूको उल्लंघन गर्न सक्छन् । त्यसैले भन्नुपर्छ, अहिले पत्रकारिताको ऐनामा विकृतिको खजाना परिलक्षित भयो भने यो अस्वाभाविक होइन । तर, त्यसो भएको छैन । पत्रकारिताको ऐना धुमिल हुँदै गएको छ । त्यसमा भ्रष्टाचारका आकृतिहरू देखिन छाडेका छन् ।

मानवीय संसारलाई ट्युब र टनेलबाट निःसृत पत्रकारिताको स्वाद चखाउने तन्नेरीहरू धन्य छन् । हालसालै ट्युबमा हो कि टिकटकमा नेपाल सरकारका एकजना सचिव सरकारले वैदेशिक रोजगारीमा जानेहरूको सेवा सुविधा बढाउन लागेको बताउँदै थिए । सुन्दै अचम्म लाग्दो कुरा । उनले प्रतिनिधित्व गर्ने नेपाल सरकारले वैदेशिक रोजगारीमा गएर कतारको कुनै गोठमा वा होटेलमा काम गरी रहेका नेपालीको तलब बढाउन कुन मालिकसँग कुरा गर्ने हो ? विश्वमा एकातिर सम्पत्तिको थुप्रो लाग्दै छ भने अर्कोतिर गरिबीको बढ्दो भेलले संसार निस्सासिँदै छ । यस्तोमा कसले कसको रक्षा गर्न सक्दछ ?

सञ्चारका हिसाबले हेर्दा हाम्रो देश सामाजिक सञ्जालमा छताछुल्ल भएको भान पर्दछ । देशमा बेरोजगारी बढेपछि काम नपाएर छटपटाएका तन्नेरी जमात वैदेशिक रोजगारीको खोजीमा लाग्नु अनौठो होइन । २०४६ सालको आन्दोलनले निर्दलीय पञ्चायत व्यवस्थालाई बढारेपछि जनताले देशमा नयाँ बिहानीको प्रारम्भ हुने कुरा सोचेका थिए । तर, त्यो सोचाइ एक दशक पनि टिकेन । त्यो समयका सञ्चालकहरू नै अहिले पनि राज्य शक्तिको सञ्चालकका रूपमा रहेका छन् । प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको राष्ट्रिय जन-आन्दोलन २०४६ मा सक्रिय भाग लिने तत्कालीन युवाहरूको आशाका विपरीत देशको कुनै पनि क्षेत्रमा निर्माणको जागरुकता देखिएन । शासन पुरानै ढर्रामा चल्यो । आधुनिक सञ्चारको प्रभाव पर्नै पाएन देशमा । पञ्चायत ढलेर बहुदलीय व्यवस्थाको स्थापना हुँदा पनि राजा खुसी थिए किनभने उनका भाइ-भारदार, सकल परिवार, आसेपासे व्यापारी र

***बाँकी चार पृष्ठमा***


## साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानुनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

*भ्रम र सत्यका ...*

चाकरीदारहरूको वर्चस्व यथावत रहेको थियो । नेताहरूमा सपनाको अभाव थिएन । अभाव थियो त देश बनाउने इच्छा शक्तिको । नेताहरूका ती सपना विश्व बैंक र आइएमएफले पूरा गर्ने कुरा थिएन । अन्तर्राष्ट्रिय संस्थाहरू सहयोग र समन्वयका उद्देश्यले मात्र नेपालमा आएका थिएनन् । उनका आफ्नै राष्ट्रिय अभिप्राय एकातिर थिए, अर्कोतिर आग्रहहरू पनि प्रशस्त थिए ।

विश्व मानचित्रबाट अलग भू-भाग होइन नेपाल । तर, यस्तो आभास हुन थालेको छ - नेपालीले राजनीति वा अर्थशास्त्रका विषयमा विश्वव्यापी मान्यता र नियमको पालन गर्नुपर्दैन । राजा वीरेन्द्रको प्रत्यक्ष शासनका बेलामा नेपाल 'रमिते देश' को हैसियतमा पुगिसकेको थियो । पेरिसमा आयोजित अति गरिब देशको सम्मेलनमा हाम्रा राजालाई विश्वका नेताहरूले 'दरिद्र नारायण' बनाइदिएका थिए । दरिद्र देशहरूका नेताका रूपमा नेपालको चयनलाई त्यतिखेरका सरकारी र कथित गैरसरकारी सञ्चारमाध्यमहरूले गौरवको विषय बनाएका थिए । त्यो अवसर गौरवको उच्च बिन्दु थियो कि हीनताको पराकाष्ठा ? यो प्रश्नको जवाफ मैले अहिलेसम्म पाएको छैन । त्यतिबेला नै राजा वीरेन्द्रले १५ वर्षमा देशलाई एसियाली मापदण्डमा पुऱ्याउने 'वाचा' गर्दा नेपाली कांग्रेसका क्रान्तिकारी नेता गिरिजाप्रसाद कोइरालाले त्यो काम आफूले दशै वर्षमा पूरा गर्ने चुनौती दिएका थिए राजालाई । तर, के भयो ? २०४७ सालमा सहज हिसाबले बहुमत पाएका क्रान्तिकारी नेता कोइरालाले आफ्नै सत्ता समेत टिकाउन सकेनन् ।

हाम्रा हरेक नीति नियमहरू विलक्षणका छन् । चाहे राजनीति होस्, अथवा व्यापार, उद्योग होस् अथवा खेती, ती एउटै जालोमा उनिएका छन् । यहाँको न्याय पद्धति, साहित्य, कलाकारिता र पत्रकारिताको पनि आफ्नै अनौठो नीति र नियम छ । यो नीति र नियम अनुसार, कुनै व्यापारीले कर नतिरेको पोल खोल्न जुटेको पत्रकार आफ्ना मालिकका लागि कर छुट दिन सक्ने हाकिमसँग कसरी पहिचान बनाउने र मालिकले तिर्नुपर्ने कर विमोचन गर्ने भन्ने उपायको खोजीमा रहेको हुन्छ । प्रेस लेखेको गाडी चढ्नेबित्तिकै सडक कर उठाउने कर्मचारीले सडकमा तेर्स्याएको तगारो खोली दिनैपर्ने परिपाटी छ । राज्यले राजनीतिका नाममा राज्य संयन्त्रमा बसेर गुण्डागर्दी गर्ने व्यक्तिहरूलाई जुन जुन सुविधा उपलब्ध गराएको हुन्छ, पत्रकारलाई पनि ती सबै सुविधा चाहिएको हुन्छ ।

अहिले हाम्रो समाजको पत्रकारितामा यो प्रवृत्ति सबभन्दा बढी हाबी भएको छ । पत्रकारिताका लागि यो घातक प्रवृत्ति हो, तर यो पत्रकारितासँग संलग्न स्थायी प्रवृत्ति पक्कै होइन । यसलाई साना र गरिब मुलुकहरूमा देखिने स्वाभाविक प्रवृत्ति भनेर पन्छाउने गरिएको छ । भारतजस्तो स्वतन्त्र पत्रकारिताको लामो इतिहास भएको देशका पत्रकारहरू समेत कर्पोरेट प्रलोभनमा फसेका छन् । केही वर्षअघि इन्डिया टुडेका सम्पादक प्रभु चावला र सीएनएन-आइबीएनकी वर्षा दत्तजस्ता पत्रकार समेत दलाली रकमको मोहमा परेको पोल खुलेपछि पेसाबाट टाढिन बाध्य भएका थिए । अहिले पनि भारतमा त्यो अवस्था विद्यमान छ । हामीकहाँ पनि त्यो अवस्था नरहेको छैन ।

संसारमा फेसबुक, टिकटक, ट्युब, एक्स (ट्विटर) र अन्य अनेक देशी-विदेशी सामाजिक सञ्जालमा सकेसम्म कराएर जनताको ध्यानाकर्षित गर्ने 'पत्रकारिता' लोकप्रिय भइरहेको छ । भारतमा यो अवस्था एकदमै भिन्न छ । त्यहाँका एकथरी पत्रकारहरूले कराउँदै लखेट्दै गर्ने शैलीमा पत्रकारिता गर्न थालेका छन् । भारतमा अपहरणको मुद्दा लागेका पत्रकारलाई र पत्रकार कुट्ने राजनीतिक कार्यकर्तालाई त्यहाँका स्थानीय, प्रान्तीय र केन्द्रीय सरकारले एकैसाथ सम्मान र संरक्षण दिने गरेको छ ।

अहिलेको नेपाली पत्रकारिता सानातिना प्रलोभनभन्दा धेरै नै बढी विकृत र घातक प्रवृत्तिको दलदलमा फसिसकेको छ । यसलाई भ्रष्टाचारमा आकण्ठ डुबेका कर्मचारी, भू-माफिया, व्यावसायिक अपचलनमा व्यस्त व्यक्तिहरू र कमिसन एजेन्टहरूले आफ्नो नियन्त्रणमा लिइसकेका छन् । नेपाली जनता झिल्के अनुहार हेरेर आकर्षित हुन्छन् । झिल्के अनुहारभित्र लुकेका दुरासयहरूलाई हेर्ने क्षमताको अभाव छ हामीसँग । कुनै पनि देशमा टिकटक बन्नु, युट्युब सक्रिय हुनु, फेसबुकमा फेस चम्किनु वा 'फेसलेस' हुनु प्राविधिक विकाससँग जोडिएका सामान्य विषय हुन् । तर, यी माध्यमहरूलाई असामान्य बनाइएको छ । देशमा पत्रकारिता पढाउने पेसामा लागेका गुरुवरहरू पारम्परिक पाठ्यक्रमकै चिन्तामा अलमलिएका छन् । के पढाउने ? 'मिडियम इज दी मेसेज' कि 'मेसेज थ्रु दी मिडियम' ?

नेपाल सानो छ । तर, नेपालमा सामाजिक सञ्जाल र पत्रकारिता बीचको भेद छुट्टयाउन सकिने अवस्था छैन । स्थापित भनिने सञ्चारमाध्यमहरू समेत आफूलाई सामाजिक सञ्जालको तहमा उतार्न तत्पर देखिन्छन् । नाफा आर्जन नै एक मात्र उद्देश्य रहेको मिडिया संसारमा सानोतिनो उपचारले परिवर्तन आउनेवाला छैन । यो दलदलबाट नेपाली पत्रकारितालाई तत्कालै मुक्त गर्नु सम्भव देखिँदैन । धनीलाई खतरनाक रोग लाग्यो भने सरकार नै उपचारका लागि तम्सिन्छ । तर, तन्नम गरिबको मर्नुबाहेक अर्को सहज विकल्प देखिँदैन ।

पत्रकारिता अहिले सुदखोर अपराधी, भ्रष्टाचारी र जनतालाई लठ्याएर मोजमज्जा गर्ने हरूको जञ्जाल र सञ्जालबाट घेरिन थालेको छ । जान्ने बुझ्ने, पढे-लेखेका मानिसहरू सामाजिक सञ्जालमा देखिएको 'विद्रूप' अवस्थालाई वैदेशिक रोजगारीसँग जोडेर उम्किन चाहन्छन् । तर, वैदेशिक रोजगारीमा जाने नेपाली मात्र होइनन् । वैदेशिक रोजगारीमा गएर कमाउने र देशलाई संकटपर्दा मनग्य सघाउने नौजवानहरूको कमी छैन । ती कमाउँछन् र देशलाई आवश्यक परेका बेला देशको राष्ट्रिय बजेट बनाउन समेत सहयोग गर्दछन् ।

नेपालमा वैदेशिक रोजगारमा गएकाहरू आफ्ना दुःखेसोहरू सामाजिक सञ्जालमा पोख्छन् । बाबु-बाजेले बेलायतका पक्षमा लडेर कमाएको धन-सम्पत्तिको सपना देखेर रमाउँछन् । लडाकु हुनु त आफ्नो पेसा र प्रवृत्ति हो भन्ने झुटो अहंकार बोकेर पैसा कमाउनैका लागि जहाँ लड्ने मर्सिनरीको खोजी हुन्छ त्यहीँ पुग्छन् । आफ्ना मनमा गुम्सिएका पीर र व्यथाहरू सामाजिक सञ्जालमार्फत अभिव्यक्त गर्छन् । उनीलाई आरोप लगाइन्छ : 'यिनले सामाजिक सञ्जालको प्रयोग गरेर समाज भाँडेका छन् ।'

राजधानी सहर काठमाडौंमा सामाजिक सञ्जालमार्फत चर्का स्वरले अरुलाई गाली गर्नेहरूको संख्या ठूलै छ । देश-देशावर डुलेका व्यक्तिहरूको अतिशयोक्ति दोहोऱ्याएर आफ्ना लागि मोक्षको बाटो खोज्ने चलन अचाक्ली बढेको छ । पारिवारिक र सामाजिक सम्बन्धहरू दूषित भएका छन् । नेपालका लागि वैदेशिक रोजगार नयाँ कुरा होइन । खाडीका देशहरूको भाग्य पेट्रोलियमले लेख्न सुरु गर्दा नेपालमा राजाको शासन थियो । त्यसबेलामा समेत वैदेशिक रोजगारीमा खाडी मुलुक जान्थे मानिसहरू । उनीहरूलाई ५५ डिग्रीभन्दा बढीको तापक्रममा काम गर्ने सक्ने तुल्याउन तालिम दिइन्थ्यो त्यतिखेर । त्यतिबेला, खाडीका देशहरू अहिलेको जस्तो विकसित थिएनन् । वैदेशिक रोजगारीमा अहिलेको जस्तो हाहाकार पनि थिएन ।

दक्षिण एसियाका देशहरूमा राजनीतिज्ञ र पत्रकारबीचको घनिष्ठ सम्बन्ध नौलो होइन । यस्तो सम्बन्धले समाचारको एकरसता हटाएर त्यसलाई जीवन्त बनाउन ठूलो भूमिका खेल्ने गर्दछ । नेपालमा पनि राजनीतिज्ञ र पत्रकार बीचको सम्बन्ध सधैं प्रगाढ रहने गरेको छ । नेपाल गणतान्त्रिक राष्ट्रमा रूपान्तरित भइसकेपछिको समयमा यो सम्बन्ध बढी नै गाढा भएको छ । पत्रकारिता गर्नेहरूका लागि स्थानीय तहका वडा कार्यालयदेखि संघीय तहका मन्त्रालयसम्म वृत्ति विकासको बाटो खुलेको छ । जतातते पत्रकारहरू जन-प्रतिनिधिको सल्लाहकार बनेर जागिरमा लागेका छन् । पत्रकारको रूप-रंग फेरिन थालेको छ । स्वभावैले रोमाञ्चकता रुचाउने देशभरका टाठा-बाठा पत्रकारहरू सिद्धान्त र राजनीतिक मर्यादाका कुरा गर्ने राजनीतिज्ञहरूको आदर्शबाट होइन, राजनीतिक दलका लागि आर्थिक स्रोत जुटाउन सक्ने बाहुबलीहरूको भ्रातृ प्रेमको अँगालोको गर्मीमा बढी रमाउन थालेका छन् । कुन बाहुबली नेताको पछि लाग्दा कति फाइदा लिन सकिन्छ भन्ने चिन्ताले पत्रकारिताको करङ छेड्न थालेको छ ।

राजनीतिक प्रभाव र प्रलोभन पत्रकारिताको आकर्षक पक्ष बनेको छ । तस्कर, पुलिस र भन्सारका समाचारहरू केन्द्रीय महत्त्वमा नरहे पनि समाचार संकलनका प्रमुख क्षेत्र बनेका छन् । यो क्रममा पिटिने र मारिने पत्रकारहरूको संख्या पनि ह्वात्तै बढेको छ । पत्रकारको परिचयपत्र बोकेपछि पत्रकारिता बाहेकका अन्य जुनसुकै कारणले पिटिएका वा मारिएका भए पनि उनीहरूको पहिचान पत्रकारिताका पीडितका रूपमा स्थापित हुने गरेको छ । यो राम्रो वा नराम्रो प्रचलन के हो ? विवेकशील व्यक्तिहरूले आफैं छुट्टयाउने कुरा हो । पत्रकारिता पेसाका कारण मारिएका पत्रकार निश्चय पनि शहीद हुन् । तर, पैसाका लागि स्टिङ अपरेसन गर्नेलाई पनि शहीद घोषणा गर्नु विडम्बना हो ।

नेपालका गणतान्त्रिक पत्रकारहरू संस्थागत हिसाबले नै राजनीतिज्ञहरूका 'डार्लिङ' बन्न थालेका छन् । पत्रकारहरूको 'एडजस्टमेन्ट'का लागि राजनीतिक दलका प्रचार विभागअन्तर्गत खोलिएका साना समूहहरू भीमकाय भ्रातृ संगठनका रूपमा विकसित हुन थालेका छन् । पहिले आफू कांग्रेस, माओवादी, एमाले, मधेसी इत्यादिको सदस्य भएको गर्व ओकली सकेपछि मात्रै पत्रकार हुँ भन्ने व्यवसायीको संख्या बढ्दै गएको छ । पार्टी सम्बद्ध संगठनहरूको विवाद र सक्रियताका कारण निरन्तर घर-झगडामा अल्झिएको पत्रकारहरूको मूल संस्था नेपाल पत्रकार महासंघले पत्रकारहरूको आचार विधिलाई तीलगंगामा बहाइदिएको छ । जुन पार्टीको प्यानलले चुनाव जितेको छ, महासंघ त्यही प्यानलको पेवा हुने भएपछि आचार विधिको आवश्यकता नै पर्दैन । अब यो संस्था पत्रकारहरूको महासंघ नभएर राजनीतिक दलहरूको प्रत्यक्ष निर्देशनमा चल्ने 'नौटंकीको अखडा'मा रूपान्तरित हुने क्रममा रहेको छ ।

कतै केही चुईक्क भयो कि पत्रकारहरू आ-आफ्ना संगठनमार्फत चरणबद्ध आन्दोलनमा उत्रिन्छन् । देशको एउटै छाता संगठन नेपाल पत्रकार महासंघलाई युनियन, चौतारी र सेन्टरहरूको छाता ओढाइएको छ । आन्दोलनका संयोजकहरू पत्रकारहरू मारिने र पिटिने अवस्थाको अन्त्यका लागि होइन, मारिएपछि दिइने क्षतिपूर्ति र हर्जाना रकमको असुलीमा बढी चासो राख्दछन् । शान्तिपूर्ण, सुस्थिर, सुसंस्कृत र विधिको शासनको खोजीमा रहेका नेपाली जनता पत्रकारहरूबाट आजित हुन थालेको अवस्था हो अहिलेको । पत्रकारितालाई धन्दा बनाएर आफ्नै भौतिक सम्पन्नताको खोजीमा लागेका पत्रकारहरू राजनीतिका गिनी पिग बन्दै गएका छन् । पत्रकारिता परिचयको संकटमा पर्दै गएको छ । यो राजनीतिक दल र तिनका नेताहरू, सयवटा मुसा खाएर तीर्थ हिँडेका बिरालाजस्ता कर्मचारीहरू, व्यक्तिगत प्रशंसाको खोजीमा अलमलिएका उच्च पदाधिकारीहरू र आफू बाहेक अरु सबै बेठीक ठहर गर्दै आएका व्यापारीहरूको कुण्ठा ओकल्ने कोपरा हो कि राज्यको मजबुत चौथो अंग हो ? व्यवसायका जिम्मेवार व्यक्तिहरूले सोच्नुपर्ने बेला आएको छ ।

सञ्चार विज्ञान र प्रविधिमा भएको व्यापक विकासले यति बेला संसारकै पत्रकारिता भ्रम र सत्यको दोबाटोमा उभिएको छ । कुन भ्रम हो र कुन सत्य हो ? ठम्याउन सकिने अवस्था छैन । यो परिस्थितिमा हाम्रो जस्तो भ्रष्ट राजनीति र निर्धन जनता भएको देश अलमलिनु अस्वाभाविक होइन । यद्यपि, सरकार आफैंले पनि अहिलेको अवस्थालाई पर्गेल्न सकेको छैन । सरकारसँग त्यसरी पर्गेल्ने न विवेक छ न बर्कत । सरकारका नेता, जन-प्रतिनिधि र विभिन्न पेसामा लागेका व्यक्तिहरूको रंगीन तस्बिर छाप्ने आ-आफ्नै माध्यम छन् । देखेर जनता रनभुल्लमा परेका छन् ।

यति त भन्नैपर्दछ : सामाजिक सञ्जाल समस्या होइन । हरेक गृहस्थको घरमा कोपरा पनि चाहिन्छ र थाल पनि चाहिन्छ । कोपरा र थाल एउटै कुरा होइन । अहिले सामाजिक सञ्जालका प्रयोगकर्ताले कोपरा र थालको विभेद गर्न छाडेका छन् । यसबाहेक एउटा अर्को सामाजिक मनस्थिति बन्दै गएको देखिन्छ- जो जति चिच्याउन सक्यो, जसले जति चर्को स्वरमा जो कसैलाई गाली गर्न सक्यो त्यसले समर जित्छ । यो उल्टो कुरा पनि हुन सक्दछ । छिमेकी देश भारतको अयोध्यामा रामको मन्दिर निर्माण हुनुअघि र पछि सामाजिक सञ्जाल अत्यधिक सक्रिय भएका छन् । हिन्दू भनिने भारतीय जनता पार्टी र धर्मनिरपेक्ष भनिने इन्डियन नेसनल कांग्रेस अहिले सामाजिक सञ्जालका खुराक बनेका छन् । हामीकहाँ भने सामाजिक सञ्जाल व्यक्ति लक्षित छ । यसैको मोहमा प्रधानमन्त्री र मन्त्रीहरू, सांसदहरू र राजनीतिज्ञहरू सबै लट्ठिएका छन् । तर, पनि सबै बिग्रिइसकेको छैन । केही बाँकी छ र नै हामी यहाँ छलफल गर्दैछौं ।

रातोपाटीबाट


# बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

### अनुरोधकर्ता

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# व्यवस्थापन समिति गठन गर्नु पर्ने माग



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ बभनगामा कट्टीस्थित श्री लक्ष्मी बल्लब नरसिङ माध्यमिक विद्यालयका अभिभावक, दाता, जनप्रतिनिधि तथा स्थानीय बुद्धिजिविहरुले व्यवस्थापन समिति गठन गर्नु पर्ने माग गरेका छन् ।

विद्यालयमा देखिएको समस्या समाधान तथा व्यवस्थापन समिति गठनको विषयमा बिहीबार आयोजना गरिएको अभिभावक, दाता, जनप्रतिनिधि तथा स्थानीय बुद्धिजिविहरुको बृहत भेलामा यस्तो माग गरेका हुन् ।

बि.स. २००६ सालमा स्थापना भएको उक्त विद्यालयले इतिहास बोकेकोले उचित व्यवस्थापनको अभावमा विभिन्न समस्या झेलिरहेको भन्दै तत्काल समस्याको समाधान तथा व्यवस्थापन समितिको गठन हुनु पर्ने आवश्यकता औंल्याए ।

भेलामा सहभागि अधिकांश वक्ताले विद्यालयका विद्यालयमा देखिएका समस्याप्रति चिन्ता व्यक्त गर्दै समाधानका लागि तत्काल व्यवस्थापन समितिको गठन तथा हालसम्मको आय-व्यय, शैक्षिक गतिविधि र अवस्था सार्वजनिक गर्नुपर्ने माग गरे ।

अभिभावक जिवछ यादवले विद्यालयको शैक्षिक स्तर उकास्न तथा दयनिय अवस्थाबाट पार लगाउनु पहिला भित्रैबाट सुधार थाल्नु पर्ने बताए ।

विद्यालयका प्रधानाध्यापक विपिन झाले विद्यालयमा सुधारका लागि आफूले निकै पहल गरेको दाबी गर्दै सबैको साथ र सहयोग भने पाउन नसकेको लाचारी व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिको गठन सर्वसम्मतीले गर्दा उपयुक्त हुने ठानेर निकै प्रयास गरेपनि सफल नहुँदा गठनमा ढिलाई भएको उनले बताए ।

विद्यालयका निरिक्षक कृष्णकुमार यादवको अध्यक्षता तथा वडा अध्यक्ष हरिनारायण मण्डलको प्रमुख आतिथ्यमा आयोजित भेलामा नरेन्द्र सिंह, अम्बुज सिंह, बेदानन्द मण्डललगायतले पनि बोल्दै गौरवमय इतिहास बोकेको शैक्षिक स्तरमा बृद्धि तथा सुधारका लागि अघि बढ्नु पर्नेमा जोड दिँदै यसका लागि अभिभावक समेतले जाँगर देखाउनु पर्ने सुझाव समेत दिए ।

यसैबीच उक्त भेलाले आगामी फागुन भित्रै व्यवस्थापन समितिको निर्वाचन प्रक्रिया अघि बढाउने निर्णय गरेको सो विद्यालयले जनाएको छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

## अन्तर्राष्ट्रिय समाचार

# गाजामा मृत्यु हुने प्यालेस्टाइनीको संख्या २८ हजार नजिक

**गाजा**/गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या २७ हजार ९४७ पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । प्रेस विज्ञप्ति जारी गर्दै मन्त्रालयले गत वर्ष अक्टोबरमा इजरायल-हमास द्वन्द्व सशुरु भएदेखि तटीय एन्क्लेभमा ६७ हजार ४५९ प्यालेस्टाइनीहरू घाइते भएको बताएको छ । इजरायली सेनाको आक्रमणबाट विगत २४ घण्टामा १०७ प्यालेस्टाइनीहरूको मृत्यु भएको छ भने र १४२ अन्य घाइते भएका छन् । केही पीडितहरू भग्नावशेषमुनिपुरिएको बताइएको छ । यसैबीच प्यालेस्टिनी सुरक्षा स्रोत र प्रत्यक्षदर्शीले इजरायली विमानहरूले गाजा शहरका अल-रिमाल, अल-साबरा, अल-जायटौन, ताल अल-हवा र शेख अजलिन लगायतका धेरै घरहरूलाई लक्षित गरी शृङ्खलाबद्ध आक्रमण गरेका छन् । स्रोत सिन्ह्वालाई बताए अनुसार इजरायलको हवाई र आर्टिलरी बमबारी र ती क्षेत्रमा चल्ने सबै चीजहरूमा ड्रोन आक्रमणका कारण एम्बुलेन्सहरू लक्षित स्थानमा पुग्न सकेका छैनन् । यसैबीच, दक्षिणी गाजान शहर रफाहमा दुईवटा घरलाई लक्षित गरी भएको बम आक्रमणमा कम्तीमा ८ प्यालेस्टाइनीको मृत्यु भएको चिकित्सा स्रोतहरूले बताएका छन् । प्यारामेडिक्सका अनुसार दक्षिणी गाजाको सबैभन्दा ठूलो शहर खान युनिसमा इजरायलले चलाएको तोप गोलाबारीको कारण स्थिति तनावग्रस्त बनेको छ साथै, मध्य गाजाको देइर अल-बालाह शहरमा इजरायली विमानले बमबारी गर्दा थुप्रै प्यालेस्टिनी मारिएका छन् भने केही घाइते भएका छन् एजेन्सी

# कोभिडपछि पहिलो रुसी पर्यटकहरू प्योङयाङमा

**सोल**/रुसी पर्यटकहरूको समूह शुक्रबार प्योङयाङ आइपुगेको एएफपीका पत्रकारहरूले देखेका छन् । उनीहरू महामारीका कारण सीमा बन्द हुनुभन्दा अघि आणविक सशस्त्र उत्तर कोरियाको भ्रमण गर्ने पहिलो ज्ञात विदेशी पर्यटक समूह थिए । एएफपीको भिडियो र तस्बिरहरूमा रुसी पर्यटकहरूलाई प्योङयाङ विमानस्थलमा पुगेको, विमानस्थलका चारैतिर घुम्दै तस्बिरहरू लिएर मुस्कुराउँदै गरेको र आगमन बोर्डमा उडानको विवरण देखाइएको छ । उत्तर कोरियाली नेता किम जोङ उनले गत सेप्टेम्बरमा रुसको सुदूर पूर्वमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्न दुर्लभ विदेश भ्रमण गरेपछि यो भ्रमण मस्को र प्योङयाङबीचको सम्बन्धलाई बलियो बनाउने रूपमा भएको हो । उत्तर कोरियाले युक्रेनमा प्रयोग गर्नका लागि मस्कोलाई हतियार पठाएको दक्षिण कोरिया र वासिङ्टनले पछि दाबी गरेका छन् । उत्तर कोरियाले आफ्नो प्रतिबन्धित हतियार कार्यक्रमहरूका लागि र रुसले किएभसँगको युद्धका लागि संयुक्त राष्ट्रसङ्घीय प्रतिबन्धहरूको उल्लङ्घन गरेका छन् । भ्रमणको आयोजना गर्ने भोस्तोक इन्टुर टुर एजेन्सीका व्यवस्थापक नतालिया जिनिनाले सोलस्थित विशेषज्ञ साइट एनके न्युजलाई टुर समूहले फेब्रुअरी ९ देखि फेब्रुअरी १२ सम्म उत्तर कोरियाको भ्रमण गर्ने जानकारी दिनुभयो । उक्त समूह मुलुकको पूर्वी तटमा रहेको वोनसान सहर नजिकैको मासिक्रायोङ स्कि रिसोर्टमा यात्रा गर्नुअघि प्योङयाङमा पहिलो पटक रोकिने रिपोर्टमा उल्लेख छ । चार दिने भ्रमणमा कूल ९७ रुसी सामेल रहेको अनुमान गरिएको छ । युक्रेनमा आक्रमण गरेपछि प्रतिबन्ध लगाइएसँगै रुसीहरूका लागि युरोप र अमेरिकाको भ्रमण गर्न कठिन भएको छ । प्योङयाङको समेत भ्रमण गर्नुभएका रुसी विदेशमन्त्री सर्गेई लाभरोभले उत्तर कोरियालाई पर्यटकीय गन्तव्यका रूपमा सिफारिस गर्न सकिने बताउनुभएको तासले रिपोर्ट गरेको छ । करिब चार वर्षको महामारीका कारण सीमा बन्द भएपछि गत वर्ष अगस्टमा उत्तर कोरियाले आफ्नो सिमाना पुनः खोलेपछि उत्तरमा प्रवेश गर्ने विदेशी पर्यटकहरूको पहिलो समूह रुसीहरूलाई मानिन्छ । "यो उदाहरणले उत्तर कोरिया-रुस शिखर वार्तापछि दुई मुलकबीचको विभिन्न क्षेत्रमा आदानप्रदान र सहयोगको पुनरुत्थानलाई प्रकाश पार्दछ", सोलमा उत्तर कोरियाली अध्ययन विश्वविद्यालयका अध्यक्ष याङ मु-जिनले पुटिन र किमबीचको गत वर्षको भेटलाई उल्लेख गर्दै भन्नुभयो, "यसले विशेषरूपमा पुटिनको उत्तर कोरियाको भ्रमणलाई मार्ग प्रशस्त गर्ने उद्देश्यलाई दर्शाउँछ ।" "निकट भविष्यमा रुसले उत्तर कोरियालाई खाद्यान्नसहित मानवीय सहायता प्रदान गर्ने सम्भावना छ, उत्तर कोरियाले पनि रुसलाई क्षेप्यास्त्रलगायत आफ्नो सहयोगको दायरा बढाउने र विस्तार गर्ने सम्भावना छ", उहाँले थप्नुभयो । आणविक सशस्त्र उत्तर कोरियाले यसै वर्ष सोललाई आफ्नो 'प्रमुख शत्रु' घोषणा गरेको छ र पुनरमिलन तथा पहुँचका लागि समर्पित एजेन्सीहरू बन्द गरेको छ । साथै 'शून्य दशमलव ००१ मिलिमिटरसम्म' पनि क्षेत्रीय उल्लङ्घन भए युद्धको धम्की दिएको छ । प्योङयाङले युक्रेनमा प्रयोग गर्नका लागि रुस पठाउनुअघि क्रुज मिसाइलहरूको परीक्षण गर्नसक्ने चेतावनी विश्लेषकहरूले दिएका छन् । एजेन्सी

# टर्कीका राष्ट्रपतिद्वारा गाजामा इजरायली आक्रमण बिरूद्ध इस्लामिक देशहरूलाई एकताको लागि आह्वान

**इस्तानबुल**/टर्कीका राष्ट्रपति रेसेप तैयप एर्डोगानले शुक्रबार गाजा पट्टीमा जारी इजरायली आक्रमणको प्रतिक्रियामा एकताबद्ध भएर काम गर्न इस्लामिक देशहरूलाई आह्वान गर्नु भएको छ । इस्तानबुलमा आयोजित इस्लामिक सहयोग युवा मञ्चको पाँचौं महासभालाई भिडियो सन्देशमार्फत सम्बोधन गर्दै उहाँले सो कुरा बताउनु भएको हो । "हामी हाम्रो कूटनीतिक सम्पर्क जारी राखिरहेका छौं ताकि इस्लामिक देशहरूले गाजामा इजरायली क्रूरता विरुद्ध एकजुट हुन सकून्," एर्डोगानले भन्नुभयो । इजरायलले गरेको मानवता विरुद्धको अपराध र युद्ध अपराधलाई अन्तरराष्ट्रिय क्षेत्रमा नजरअन्दाज नगर्ने कुरा सुनिश्चित गर्न कडा मेहनत गरिरहेको उहाँको धारणा छ। यसैबीच उहाँले स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र विश्वव्यापीरूपमा मान्यता प्राप्त प्यालेस्टाइन राज्यको स्थापनालाई समर्थन गर्ने टर्कीको प्रतिबद्धता दोहोऱ्याउनु भएको छ । "हामी हाम्रो सङ्घर्ष जारी राख्नेछौं जबसम्म एक स्वतन्त्र र क्षेत्रीय रूपमा एकीकृत प्यालेस्टाइन राज्यको स्थापना पूर्वी जेरुसेलमको राजधानीको रूपमा १९६७ सीमानामा हुँदैन," एर्डोगानले भन्नुभयो । हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा एक्कासी आक्रमण गरी एक हजार २०० जनाको हत्या गरेपछि इजरायलले हमास-शासित गाजा विरुद्ध ठूलो सैन्य आक्रमण गरिरहेको छ । त्यसयता इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या २७ हजार ९४७ पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ । एजेन्सी

# अदालतबाट सजाय पाएका फरार प्रतिवादी पक्राउ



**राजविराज**/प्रहरीले अपहरण तथा शरीर बन्धक मुद्दामा अदालतबाट दोषि ठहर भएर फरार रहेका एक प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ।

पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका ५ खोजपुर बस्ने ५० वर्षिय शुभनारायण ठाकुर छन्।

प्रहरीले गाँउ घरमा लुकिछिपि बसिरहेको अवस्थामा गोप्य सुचनाको आधारमा गत आइतबार पक्राउ गरेको जनाएको छ।

सिरहाका एक व्यक्तिको अपहरणमा ठाकुरलाई अदालतले दोषि ठहर गर्दै २०७५ साल जेठ २० गते ९ वर्ष कैद सजाय तथा ५० हजार जरिवाना तोकेको थियो।

सिरहा जिल्ला अदालतले सोको लगत सप्तरी जिल्ला अदालतलाई पठाएको थियो। सिरहा जिल्ला अदालतबाट उक्त मुद्दामा दोषि ठहर भएर फरार रहेका ठाकुरको खोजिकार्य व्यापक बनाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए।

ठाकुरलाई अदालतमा पेश गरिएपछि आदेशानुसार कैद भुक्तानका लागि कारागार पठाइएको प्रहरीले जनाएको छ।

# मुखियाको शव फेला परेपछि प्रहरी अनुसन्धान सुरु

**राजविराज**/ सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ घर भएका १९ वर्षिय रुपेश कुमार मुखिया मृत अवस्थामा फेला परेपछि प्रहरीले अनुसन्धान सुरु गरेको हो।

दश दिनदेखी सम्पर्कविहीन रहेका रुपेशको गत शनिबार कोशी ब्यारेजमा फेला परेपछि प्रहरीले अनुसन्धान सुरु गरेको छ।

गत माघ ११ गते पूर्णिमाका दिन सप्तकोशीमा लाग्ने मेला भर्न गएका रुपेश सोही दिनदेखी सम्पर्कविहीन भएका थिए।

प्रहरी र परिवारजनले उनको खोजि कार्य जारि राखेका बेला उनको मृत शरीर शनिबार हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित कोशी ब्यारेजको ढोका नं. ४१ मा अडकिएको अवस्था फेला परेको थियो।

मृतक रुपेशका दुई जना साथीलाई सोधपुछका लागि नियन्त्रणमा लिई अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

परिवारजनले रुपेशसँग गएका साथीहरुले नै हत्या गरेको दाबी गर्दै घटनाको सुक्ष्मअनुसन्धान गरि दोषिमाथी कडा कारवाहीको माग गरेका छन्।

जिल्ला प्रहरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले मृतकको शव पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई घटनाबारे थप अनुसन्धान भइरहेको जनाएका छन्।

# राज्यसँगै अभिभावकले पनि भूमिका खेल्नुपर्नेमा जोड

**राजविराज**/ बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालको आयोजना, लेभ द इन्क्लिुजन डेनमार्कको सहयोग तथा बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीको समन्वयमा आयोजित दुई दिने नीति, निर्माण कार्यशालाको समापन पश्चात् बुधबार आयोजित कार्यक्रममा सहभागि वक्ताहरुले बौद्धिक अपाङ्गता भएका व्यक्तिको संरक्षण र उनीहरुलाई सक्षम बनाउन राज्यसँगै अभिभावकले पनि भूमिका खेल्नुपर्नेमा जोड दिएका छन्।

कार्यक्रममा बौद्धिक अपाङगताका अभिभावक महासंघ नेपालका राष्ट्रिय अध्यक्ष राजु बस्नेतले अपाङगता भएका व्यक्तिलाई परिवार वा अन्य कुनै पनि व्यक्तिबाट अमानविय र अपमानजनक व्यवहार गर्न नहुनेमा जोड दिँदै यसका लागि अभिभावक र राज्य दुबै गम्भिर बन्नु पर्ने बताए।

बौद्धिक अपाङगताका अभिभावक संघ सप्तरीका अध्यक्ष जगदीश प्रसाद अर्यालले अपाङ भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान रुपमा आफ्नो परिवार वा आफूले छनौट गरेको वासस्थानमा बस्ने अधिकार भएको भन्दै त्यस्तो व्यक्तिलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिनु कानुनले निषेध गरेको भन्दै यसतर्फ सबै अभिभावक सजग रहनु पर्ने बताए।

दुई दिनसम्म चलेको कार्यशालामा बौद्धिक अपाङगता भएका व्यक्तिका २५ जना अभिभावक सहभागि थिए। उनीहरुलाई महासंघका राष्ट्रिय अध्यक्ष बस्नेतले बौद्धिक अपाङगता भएका व्यक्तिको संरक्षण, सुरक्षा, राज्यमा पहुँच तथा व्यवस्थापन बारे आवश्यक तालिम प्रदान गरेका थिए।

# चाँदीका सामान र हरिणको सिंङसँगै लागुऔषध गाँजासहित भारतीय नागरिक र एक माहिला पक्राउ



**मोरङ**/मोरङको रङगेली प्रहरीले चाँदीका सरसामानसहित एक भारतीय नागरिक र हरिणको सिंङ तथा लागुऔषध गाँजासहित माहिलालाई पक्राउ गरेको छ।

रंगेली नगरपालिका ७ कालीमन्दिर चोकबाट साँढे दुई केजी भन्दा बढीको चाँदीका सरसमानसहित बिहीबार बिहान भारत अररिया आमगाछी पञ्चायत १३ का २२ बर्षीय मोहमद अलताफलाई पक्राउ गरेको हो।

अबैध रुपमा चाँदीका समानहरुको ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रङगेलीबाट खटिएको प्रहरी टोलीले अलताफको साथबाट प्रहरीले चाँदीको पाउजु ६९ जोडी, चाँदीको लोटा २५ थान, चाँदीको कलस ६ थान गरी जम्मा २ के.जी.५४८ ग्राम चाँदी प्रहरीले बरामद गरेको छ।

यस्तै प्रहरीले रंगेली नगरपालिका ७स्थितबाट हरिणको सिंङ र लागुऔषध गाँजा सहित एक माहिला पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले रंगेली ७ निचामारी टोल बस्ने ५५ बर्षीया सागर देवी यादवलाई पक्राउ गरेको हो।

मंगलबार दिउँसो बिशेष सुचनाको आधारमा प्रहरीले उनको घर खानतलासी गर्दा घरमा लुकाई छिपाई राखेको ४ थान हरिणको सिंङ र १ किलो ६९७ ग्राम गाँजा बरामद गरेको जनाएको छ।

अवैध रुपमा लुकाई छिपाई बोकेको चाँदीका समानसहित पक्राउ परेका अलताफ र अवैधरुपमा हरिणको सिंङ र गाँजा बरामद भए संगै पक्राउ परेकी यादवमाथी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रङगेलीले जनाएको छ।

# पदभार ग्रहण गरेलगत्तै प्रतिष्ठानको पहिलो बैठकद्धारा विभिन्न गतिविधि अघि बढाउने निर्णय




**राजविराज**/क्रिकेट विकास प्रतिष्ठान सप्तरीले जिल्लामा क्रिकेट खेलको विकास तथा युवाहरुलाई लागु औषध दुर्व्यसनको कुलतबाट जोगाउन विभिन्न गतिविधिहरु अघि बढाउने भएको छ।

प्रतिष्ठानको चार वर्षे कार्यकालका लागि नवनिर्वाचित पदाधिकरीहरुले शनिवार पदभार ग्रहण लगत्तै बसेको पहिलो बैठकले यस्तो निर्णय गरेको हो।

जिल्लामा क्रिकेट खेलको विकासका लागि प्रशिक्षण र प्रतियोगिता मार्फत दक्ष खेलाडी उत्पादन गर्ने उदेश्यले निकट भविष्यमै अन्तरविद्यालय जिल्लास्तरीय टी–ट्वान्टी कप प्रतियोगिता आयोजना गर्ने निर्णय भएको छ, पदभार ग्रहण गरे लगत्तै बसेको पहिलो बैठकको निर्णय सार्वजनिक गर्दै नवनिर्वाचित अध्यक्ष ई.इन्द्र नारायण देवले भने–दोश्रो निर्णय भने लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि सचेतनाका विभिन्न गतिविधि अघि बढाउने भएको छ। दैनिक लागुऔषध दुर्व्यसनी बढेकोमा चिन्ता व्यक्त गर्दै बैठकले यस विरुद्ध सचेतनाका विभिन्न गतिविधि सञ्चालन गर्ने निर्णय पनि गरेको छ उनले भने।

उनले भविष्यका कर्णधार युवाहरुलाई सहि बाटोमा डोरयाउन प्रतिष्ठानले थाल्ने प्रयासमा सबैको साथ र सबैको सहयोग पाउने विश्वास समेत व्यक्त गरे। यस अघि स्वेडेक भवनमा आयोजित पदस्थापना समारोहमा प्रतिष्ठानका नवनिर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितिका संयोजक महेन्द्र कुमार चौधरीले सपथ ग्रहण गराएका थिए। सो अवसरम प्रमुख अतिथि प्रदेश सांसद सत्तिश कुमार सिंहले क्रिकेट खेलकुद विकासका लागि विगत केही वर्षयता प्रतिष्ठानले थालेको गतिविधिको प्रशंसा गर्दै प्रतिष्ठानद्वारा भावी दिनमा गरिने गतिविधिमा आफ्नो सदा साथ र सहयोग रहने प्रतिबद्धता जनाए।

२०७६ साल असोज १७ गते स्थापना भएको प्रतिष्ठानको हाले सम्पन्न विशेष साधारण सभाले ई. देवको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमितिको चयन गरेको थियो। नवनिर्वाचित समितिको वरिष्ठ उपाध्यक्षमा गणेश आश, उपाध्यक्ष रामनारायण यादव, सचिव भोगेन्द्र चौधरी, सह सचिव नन्द किशोर गुप्ता र कोषाध्यक्षमा अनिल कुमार चौधरी रहेका छन्। यस्तै सदस्यहरुमा मिरा देव, मन्जु देवी सारदा, नरेश प्रताप साह, बैजनाथ प्रसाद साह र संचार सचिवमा संजोग देव रहेका थिए।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रुपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*